जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY


कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०७५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १०१ पृष्ठः ४ | २०८३ साउन २५ सोमबार (Monday 10 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सरकारको अधिकार खोस्दै सिरहाका व्यापारीले आफूखुसी बढाए ग्यासको मूल्य, प्रशासन हेरेको हेर्‍यै





ग्यास बिकेता संघ,सिरहा

लहान - ८ स्थापना २०७५

मिति -२०८३।०४।२२

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू
जिल्ला प्रशासन कार्यालय, सिराहा।

विषयः एल.पी. ग्यासको आपूर्ति तथा बिक्री मूल्य सम्बन्धमा।

महोदय,

उपरोक्त सम्बन्धमा २०८३/०३/३१ गतेदेखि १४.२ के.जी. क्षमताको (फुल) एल.पी. ग्यासको आपूर्ति नियमित रहेको जानकारी गराउँदै सिराहा जिल्लाका उपभोक्तालाई सहज र सुलभ रूपमा ग्यास उपलब्ध गराउन यस संघ प्रतिबद्ध रहेको व्यहोरा अनुरोध छ।

नेपाल आयल निगम लिमिटेडले २०८३/०३/१७ गतेदेखि लागू हुने गरी निर्धारण गरेको मूल्यअनुसार १४.२ के.जी. एल.पी. ग्यासको बिक्री मूल्य रु. २,०६०।- (मु.अ.करसहित) तथा सेवा शुल्क रु. २०।- कायम रहेको हुँदा सोही अनुसार २,०८०।- रु. दुई हजार असी) बिक्री-वितरण गर्न सम्पूर्ण ग्यास व्यवसायीहरूलाई संघले अनुरोध गरेको छ।

निर्धारित मूल्यभन्दा बढी रकम लिने, कृत्रिम अभाव सिर्जना गर्ने वा उपभोक्तालाई अनावश्यक दुःख दिने कार्य हुन नदिन संघ प्रतिबद्ध रहेको जानकारी गराउँदै मूल्यभन्दा बढी रकम माग गरिएको पाइएमा आवश्यक अनुगमन तथा कारबाहीका लागि सम्बन्धित निकायलाई जानकारी गराउन अनुरोध गर्दछौं।

एल.पी. ग्यासको आपूर्ति तथा वितरणलाई व्यवस्थित बनाउन जिल्ला प्रशासन कार्यालयसँग आवश्यक समन्वय र सहकार्यका लागि समेत अनुरोध गर्दछौं।

बोधार्थ :-
श्री ईलाका प्रशासन कार्यालय,लहान
श्री लहान नगरपालिका कार्यालय
श्री जिल्ला उधोग वाणिज्य संघ,सिरहा लहान
श्री नेपाल पत्रकार महासंघ,सिरहा
श्री उपभोक्ता मंच नेपाल

भवदीय,

श्याम नारायण सिह
अध्यक्ष

**मिथिलेश यादव**

सिरहा, २४ साउन। सरकारले खाना पकाउने एलपी ग्यासको मूल्य निर्धारण गर्छ। नियामक निकायले त्यसको कार्यान्वयन गराउँछ। उपभोक्ताले सरकारले तोकेको मूल्य तिर्छन् र व्यवसायीले त्यही मूल्यमा ग्यास बिक्री गर्नुपर्छ। यो सामान्य बजार अनुशासन र कानुनी शासनको आधारभूत मान्यता हो।

तर सिरहामा यही आधारभूत मान्यतालाई चुनौती दिने गरी एउटा गम्भीर विषय सार्वजनिक भएको छ। सरकारले निर्धारण गरेको ग्यासको मूल्यमा प्रतिसिलिन्डर २० रुपैयाँ 'सेवा शुल्क' थपेर २ हजार ८० रुपैयाँमा बिक्री गर्न ग्यास बिक्रेता संघ सिरहाले लहानका डिलरहरूलाई सर्कुलर जारी गरेको पाइएको छ। अब प्रश्न २० रुपैयाँको मात्र होइन। सरकारले तोकेको मूल्यमा थप रकम जोड्ने अधिकार ग्यास बिक्रेता संघ सिरहालाई कसले दियो ?

व्यवसायीहरूको हकहितका लागि गठन भएको संघ आफैँमा राज्यको मूल्य निर्धारण गर्ने निकाय होइन। तर सरकारले निर्धारण गरेको वस्तुको मूल्यमा आफ्नै निर्णयबाट रकम थपेर उपभोक्ताबाट असुल्न निर्देशन दिने अधिकार उसलाई कुन कानुनले दिएको छ ? यदि छैन भने, कानुनको स्पष्ट आधारबिना उपभोक्तामाथि अतिरिक्त आर्थिक भार थोपर्ने निर्णय आँट संघलाई कसरी भयो ?

झन् आश्चर्यजनक कुरा त के छ भने उक्त सर्कुलरको बोधार्थ स्थानीय प्रशासन, नगरपालिका, उपभोक्ता मञ्च र पत्रकार महासंघ आदि सम्मलाई दिइएको पाइएको छ। नियामक निकायलाई बोधार्थ पठाउँदैमा निजी संघको निर्णय सरकारी निर्णय हुन्छ ?

पत्रको प्रतिलिपि प्रशासनलाई पठाउँदैमा त्यसले कानुनी वैधता प्राप्त गर्छ ? नगरपालिकालाई जानकारी गराउँदैमा उपभोक्ताबाट अतिरिक्त

-बाँकी तीन पेजमा

## लागुऔषध र प्रतिबन्धित औषधिसहित दुई जना पक्राउ

सिरहा, २४ साउन। सिरहाको गोलबजार क्षेत्रबाट प्रहरीले दुई छुट्टाछुट्टै स्थानबाट प्रतिबन्धित औषधि र लागुऔषध ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थसहित दुई जनालाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार शनिबार बेलुका उनीहरूलाई पक्राउ गरिएको हो।

जिल्ला प्रहरी कार्यालय सिराहा र इलाका प्रहरी कार्यालय गोलबजारबाट खटिएको संयुक्त प्रहरी टोलीले गोलबजार नगरपालिका वडा नं. ७, दुर्गा मन्दिर नजिकबाट १८ वर्षीय शिव प्रसाद राय कुर्मीलाई पक्राउ गरेको छ। सिरहाकै मिर्चैया नगरपालिका वडा नं. ८ निवासी कुर्मीलाई शंका लागि चेकजाँच गर्दा उनले बोकेको सेतो बोरा भित्र लुकाइराखेको 'ONEREX-100 ML' लेखिएको १३ बोतल प्रतिबन्धित औषधि र एक थान मोबाइल फेला परेको प्रहरीले जनाएको छ।

त्यसैगरी, गएराति ९:०० बजेको समयमा गोलबजार नगरपालिका वडा नं. ८ पुरानो चोहर्वाबाट २३ वर्षीय जय कुमार नायक पक्राउ परेका छन्। गोलबजार नगरपालिका वडा नं. ६ निवासी नायक पैदल आउँदै गरेको अवस्थामा शंका लागि चेकजाँच गर्दा उनको साथबाट लागुऔषध

-बाँकी तीन पेजमा

## सिरहामा ९ लाख बराबरका अवैध सामान बरामद



सिरहा, २४ साउन। सिरहा जिल्लाका विभिन्न सीमा क्षेत्रबाट सुरक्षाकर्मीको टोलीले करिब ९ लाख रुपैयाँ बराबरका अवैध सामान बरामद गरेको छ। नम्बर ७ गण हेडक्वार्टर सिरहाका अनुसार २०८३ साल साउन २३ गते जिल्लाका विभिन्न सीमा इलाकाबाट मोटरसाइकल, लत्ताकपडा, कस्मेटिक सामान, किराना सामान तथा विभिन्न किसिमका मदिरालगायतका सामान बरामद गरिएको हो।

बरामद गरिएका सामानको कुल अनुमानित मूल्य ८ लाख ९७ हजार ९ सय ७९ रुपैयाँ रहेको नम्बर ७ गण हेडक्वार्टर सिरहाले जनाएको छ। बरामद सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी भन्सार कार्यालयमा दाखिला गर्ने प्रक्रियामा रहेको गणले जनाएको छ। सीमा क्षेत्रमा हुने अवैध ओसारपसार तथा चोरी-पैठारी नियन्त्रणलाई प्राथमिकतामा राख्दै सुरक्षा निकायले नियमित गस्ती, निगरानी तथा चेकजाँचलाई थप प्रभावकारी बनाउँदै आएको सशस्त्र प्रहरीका एसपी सुमन जंग थापाले बताए। एसपी थापाका अनुसार सीमा क्षेत्रमा हुने गैरकानुनी गतिविधि

-बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।
- सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## स्वच्छता : नाराबाट व्यवहारसम्म

स्वच्छता कुनै अभियानको पोस्टरमा लेखिने नारा मात्र होइन, यो सभ्य समाजको परिचय र स्वस्थ जीवनको आधार हो। घर सफा राख्ने, शौचालयको नियमित प्रयोग गर्ने, फोहोर जथाभावी नफाल्ने र सार्वजनिक स्थानको संरक्षण गर्ने सामान्य देखिने व्यवहारले नै एउटा नगरको वास्तविक सभ्यताको मापन गर्छ त्यसैले लहान नगरपालिकाले सञ्चालन गरिरहेको 'घर–घरको शान, स्वच्छता अभियान'लाई केवल औपचारिक कार्यक्रमका रूपमा नभई नागरिकको व्यवहार परिवर्तन गर्ने अभियानका रूपमा अघि बढाउनु आवश्यक छ।

लहान नगरपालिका–३ को बिहारपुर टोलमा आयोजित जनचेतनामूलक सडक नाटक तथा स्वच्छता र्‍यालीले यही आवश्यकतालाई उजागर गरेको छ। स्थानीय युवा, महिला, बालबालिका तथा सर्वसाधारणको उल्लेखनीय सहभागिताले स्वच्छताको विषय समुदायका लागि चासोको विषय बन्दै गएको संकेत गरेको छ। 'स्वच्छता अपनाऔँ, बिरामी हटाऔँ' र 'शौचालय हाम्रो सभ्यताको इज्जत हो' जस्ता नाराले स्वच्छतालाई स्वास्थ्यसँग मात्र होइन, सामाजिक प्रतिष्ठा र सभ्यतासँग पनि जोडेको छ।

तर प्रश्न यति मात्र होइन कि हामीले कति र्‍याली गर्‍यौँ वा कति सडक नाटक देखायौँ। वास्तविक प्रश्न हो—त्यस्ता कार्यक्रमपछि हाम्रो व्यवहार कति बदलियो? नेपालका धेरै स्थानीय तहमा सरसफाइका नाममा अभियान चल्ने गरेका छन्। उद्घाटन हुन्छ, र्‍याली हुन्छ, नारा लगाइन्छ, फोटो खिचिन्छ र कार्यक्रम सकिन्छ। तर केही दिनपछि सडकको छेउमा फेरि फोहोर थुप्रिन्छ, नाली बन्द हुन्छ, सार्वजनिक स्थानमा जथाभावी फोहोर फालिन्छ र शौचालय प्रयोगको अनुशासन कमजोर देखिन्छ। यदि लहानको अभियान पनि यस्तै औपचारिकतामा सीमित भयो भने त्यसको उद्देश्य पूरा हुन सक्दैन। सडक नाटकको शक्ति यहीँ छ, यसले जटिल सन्देशलाई सरल र मनोरञ्जनात्मक ढंगले समुदायसम्म पुर्‍याउन सक्छ 'शौचालय मर्यादासँग जोडिएको छ, शौचालय हाम्रो शान हो' भन्ने सन्देश केवल भाषणमा सीमित नराखी व्यवहारमा उतार्न सकियो भने यसको प्रभाव दीर्घकालीन हुन सक्छ। शौचालय हुनु मात्र पर्याप्त छैनन् त्यसको नियमित प्रयोग, सरसफाइ र उचित व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण छ।

स्वच्छता अभियानलाई सफल बनाउन नागरिकसँगै स्थानीय सरकारको भूमिका पनि निर्णायक हुन्छ। नागरिकलाई फोहोर नफाल्न आग्रह गर्ने तर फोहोर व्यवस्थापनको भरपर्दो व्यवस्था नगर्ने हो भने अभियान अधुरो हुन्छ। नियमित फोहोर संकलन, व्यवस्थित ढल तथा नाली, सार्वजनिक शौचालयको पर्याप्त व्यवस्था, फोहोर वर्गीकरण र प्रभावकारी अनुगमन स्थानीय सरकारको प्राथमिकतामा पर्नुपर्छ। नियम उल्लंघन गर्नेलाई सचेत गराउनेदेखि आवश्यक अवस्थामा कारबाही गर्ने व्यवस्था पनि प्रभावकारी हुनुपर्छ।

त्यसैगरी, स्वच्छताको अभियानलाई विद्यालय, टोल विकास संस्था, महिला समूह, युवा क्लब तथा स्थानीय संघसंस्थासँग जोड्न सकिन्छ। बालबालिकामा सानैदेखि स्वच्छताको संस्कार विकास गर्न सके त्यसको प्रभाव परिवार हुँदै समुदायसम्म पुग्छ सडक नाटक, चित्रकला, वक्तृत्वकला, स्वच्छता प्रतियोगिता तथा टोलस्तरीय सरसफाइ कार्यक्रमलाई नियमित बनाउनु प्रभावकारी हुन सक्छ। नगर प्रमुख महेशप्रसाद चौधरीले भनेझैँ स्वच्छ नगर निर्माणका लागि भौतिक पूर्वाधार मात्र पर्याप्त हुँदैन नागरिकको सोच र व्यवहारमा परिवर्तन आवश्यक हुन्छ। तर सोच परिवर्तनका लागि निरन्तर अभियानसँगै त्यसको परिणाम मापन गर्ने प्रणाली पनि आवश्यक छ। कुन टोलमा फोहोर घट्यो? खुला दिसामुक्त अवस्थाको दिगोपन कस्तो छ? सार्वजनिक स्थान कति स्वच्छ छन्? नागरिकको व्यवहारमा के परिवर्तन आयो? यस्ता प्रश्नको नियमित मूल्यांकन हुनुपर्छ।

लहानलाई स्वच्छ, स्वस्थ र व्यवस्थित नगर बनाउने जिम्मेवारी नगरपालिकाको मात्र होइन, प्रत्येक नागरिकको पनि हो। नगरपालिकाले अभियान चलाओस्, नागरिकले त्यसलाई व्यवहारमा उतारून् र दुवैले आफ्नो जिम्मेवारीप्रति इमानदार बनून्। र्‍यालीका नाराहरू सडकमा मात्र होइन, घरको आँगन, भान्सा, शौचालय र सार्वजनिक जीवनमा पनि सुनिन थाल्नुपर्छ।

अन्ततः स्वच्छताको वास्तविक परीक्षा कार्यक्रमको मञ्चमा होइन, कार्यक्रम सकिएपछि सुरु हुन्छ। त्यसैले 'घर–घरको शान, स्वच्छता अभियान' नाराबाट व्यवहारसम्म पुग्न सके मात्र लहानको स्वच्छताको सपना वास्तविकतामा परिणत हुनेछ। स्वच्छता कुनै एक दिनको अभियान होइन, यो हरेक दिन दोहोरिनुपर्ने नागरिक संस्कार हो।

# कांग्रेसमा अबको बाटो



मिलन समीर

सर्वोच्च अदालतको यही साउन २१ गते बिहीवारको आदेशसँगै नेपाली कांग्रेसको आधिकारिकतासम्बन्धी विवादमा पुनः सुनुवाइ हुने भएको छ। यसअघि न्यायाधीशद्वय शारङ्गा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले गत पुस २७ देखि ३० गतेसम्म सम्पन्न विशेष महाधिवेशनबाट निर्वाचित गगन थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई मान्यता दिने निर्वाचन आयोगको माघ २ गतेको निर्णयलाई वैशाख ४ गते कानुनसम्मत ठहर गरेको थियो।

उक्त फैसलामाथि पुनर्विचार वा पूर्वनिर्णय नै सदर हुन सक्छ। पुनरावलोकनको अनुमति दिइएको मात्र कारणले यसअघि भएको फैसला स्वतः शून्य हुँदैन। अब सर्वोच्च अदालतले नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन तथा त्यसका आधारमा निर्वाचन आयोगले गरेका निर्णयको कानुनी आधारमाथि दुवै पक्षको बहस सुनेर निर्णय गर्नेछ। त्यसैले यो विवाद अझै केही समय लम्बिने देखिन्छ।

तर एउटा कुरा स्पष्ट छ – सर्वोच्च अदालतसँग आफ्नो पूर्वनिर्णय बदल्ने अधिकार छ तर सार्वभौम नेपाली जनताले व्यक्त गरेको राजनीतिक चेतना र परिवर्तनको आकाङ्क्षालाई कुनै अदालतको फैसलाले बदल्न सक्दैन। कुनै पनि सक्षम, योग्य र जुझारु नेतृत्व फूलको बिछ्यौनामा जन्मने नभएर संघर्षको आगोबाट खारिएर निस्कन्छ। यसैले प्रतिकूल परिस्थितिसँग जुध्दै आफ्नै खुट्टामा उभिएको बदलिएको नेपाली कांग्रेसको नेतृत्वलाई एउटा फैसला वा कुनै राजनीतिक षड्यन्त्रले समाप्त गर्न सकिन्छ भन्ने भ्रम पालिरहेकाहरूलाई समयले जवाफ दिनेछ।

यतिबेला सर्वोच्च अदालतबाट हुनसक्ने निर्णयलाई लिएर अनेक अड्कलबाजी भइरहेका छन्। नेपालको राजनीतिमा शक्तिशालीहरूको प्रभावबारे बेलाबेला प्रश्न उठ्दै आएका छन्। त्यसैले न्यायप्रेमी र विवेकशील नेपालीले चासोका साथ हेरिरहेका छन्– सर्वोच्च अदालतले संविधानवाद, कानुन र न्यायिक मर्यादालाई केन्द्रमा राखेर निर्णय गर्छ कि नयाँ विवादको ढोका खोल्छ ?

सर्वोच्च अदालतको बिहीबारको आदेशलाई पक्ष र विपक्षको दृष्टिले हेर्नु भने उचित हुँदैन। यसलाई नेपाली कांग्रेसभित्र बृहत् एकताका लागि अवसरका रूपमा पनि लिन सकिन्छ। अब फेरि कित्ताकाट गरेर बसिरहनुभन्दा पार्टी एकताको दिशामा अघि बढ्नु आवश्यक छ। अदालतको आदेशले दुवै पक्षलाई आत्मसूल्याङ्कन गर्ने अवसर दिएको छ। त्यसैले अन्तिम फैसला कुरेर बसिरहनुभन्दा कांग्रेसभित्रका सम्बन्धित पक्ष आफैँ अग्रसर भएर राजनीतिक समाधान खोज्नु बुद्धिमानी हुनेछ।

नेपाली कांग्रेसभित्र वर्षौंदेखि जकडिएको यथास्थितिवादलाई चुनौती दिने साहस गगन थापा र विश्वप्रकाश शर्माहरूले गरेका हुन्। नयाँ विचार र नयाँ राजनीतिक संस्कृतिको आवश्यकता औँल्याउँदै उनीहरूले रोपेको परिवर्तनको बिरुवा अर्थपूर्ण छ। एउटै डुङ्गामा परस्पर विरोधी राजनीतिक दिशातर्फ यात्रा लामो समय सम्भव हुँदैन। पुराना संरचना र कार्यशैलीले नयाँ पुस्ताको ऊर्जा र आकांक्षालाई सम्बोधन गर्न नसक्ने त कांग्रेसको पछिल्लो राजनीतिक यात्राले देखाइसकेको छ।

नाममात्रको एकताको पिँजडामा युवाको ऊर्जा खुम्च्याउनुभन्दा वैचारिक स्पष्टता र राजनीतिक पुनर्जागरणको लागि पुरानो चोला बदल्नु श्रेयस्कर हुन्छ। नेपाली कांग्रेस इतिहासको गौरवमा मात्र निर्भर हुँदै जाँदा नयाँ पुस्तासँगको सम्बन्ध कमजोर हुँदै गएको थियो। गुटबन्दी र यथास्थितिवादको घेराबाट ऊर्जाशील युवालाई बाहिर निकाल्न दोस्रो विशेष महाधिवेशन एउटा राजनीतिक हस्तक्षेपका रूपमा भएको हो। बीपी कोइरालाको राजनीतिक विरासत पनि यही साहस, वैचारिक स्पष्टता र परिवर्तनको चेतसँग जोडिएको छ। त्यसैले गगन थापा र विश्वप्रकाश शर्माहरूले अघि सारेको परिवर्तनको प्रयासलाई बीपीको राजनीतिक चेतनाको समकालीन निरन्तरताका रूपमा बुझ्न सकिन्छ।

अब युवालाई काँधमा बोकेर अघि बढ्ने कुरा भाषणमा मात्र सीमित राखेर हुँदैन। बीपी कोइरालाले देखाएको साहस र वैचारिक स्पष्टताको बाटोमा अघि बढ्न कांग्रेसले ठोस निर्णय गर्न ढिलो गर्नु हुँदैन। ऐतिहासिक दोस्रो विशेष महाधिवेशनको वैधानिकताबारे सर्वोच्च अदालतबाट प्रतिकूल निर्णय आयो भने पनि त्यसले कांग्रेसभित्र उठेको परिवर्तनको राजनीतिक प्रश्न समाप्त गर्दैन। विशेष महाधिवेशनमा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले नेतृत्व परिवर्तनको पक्षमा मतदान गरेको यथार्थलाई व्यक्तिको पक्षमा परेको मतका रूपमा बुझ्नु हुँदैन। त्यो कांग्रेसभित्रको परिवर्तनको आकांक्षाको अभिव्यक्ति हो। अदालतको एउटा आदेशले त्यस्तो राजनीतिक चेतनालाई मेटाउन सक्दैन।

गगन थापा र विश्वप्रकाश शर्माहरूले नेपाली कांग्रेसमा नयाँ पुस्ता, नयाँ सोच र नयाँ राजनीतिक संस्कृतिको सम्भावना देखाएका छन्। त्यसैले उनीहरूप्रति कांग्रेसभित्र मात्र होइन देशभर पनि नयाँ आशा पैदा भएको छ। बदलिएको कांग्रेसले नयाँ पुस्ताको आकांक्षा र बदलिँदो नेपाली समाजको राजनीतिक मनोविज्ञानलाई सम्बोधन गर्न सक्छ भन्ने विश्वास पनि यहीँबाट पैदा भएको हो। पुराना संरचनाले परिवर्तनलाई अस्वीकार गर्दा परिवर्तनको वैकल्पिक बाटो आफैँ निर्माण हुन्छ। यस अर्थमा अहिलेको न्यायिक पुनरावलोकनलाई पनि बदलिएको कांग्रेसका लागि आफ्नो राजनीतिक र कानुनी आधार थप स्पष्ट गर्ने अवसरका रूपमा लिन सकिन्छ। विशेष महाधिवेशनका निर्णय, त्यसको प्रक्रियागत आधार र निर्वाचन आयोगको निर्णयका पक्षमा रहेका तथ्यलाई अदालतसमक्ष थप मिहिन ढङ्गले प्रस्तुत गर्ने अवसर नेतृत्वलाई प्राप्त भएको छ।

हामीलाई सर्वोच्च अदालतप्रति पूर्ण विश्वास छ। संविधानवाद, प्रचलित कानुन र नेपाली कांग्रेसको विधानका आधारमा अदालतले निर्णय गर्नेछ भन्ने विश्वास राख्नुपर्छ। त्यसपछि निर्वाचन आयोगले पनि कानुनबमोजिम आफ्नो प्रक्रिया अघि बढाउनेछ। अन्ततः राजनीतिक इतिहासको फैसला अदालत वा निर्वाचन आयोगले मात्र होइन नेपाली जनताले पनि आफ्नो मतमार्फत गर्नेछन्।

त्यसैले यतिबेला कोही आत्तिनुपर्दैन। 'बेला न कुबेला भेनेजुएला[' भनेझैँ कोही हौसिएर मात्तिनु पनि हुँदैन। युगीन विचारलाई मुढेबलले परास्त गर्न सकिँदैन। राजनीतिक परिवर्तनको आकाङ्क्षालाई एउटा फैसला वा कुनै शक्ति सम्बन्धले अनन्तकालसम्म रोक्न पनि सक्दैन।

अदालतले आफ्नो काम गर्ला। राजनीतिक दल र नेताहरूले पनि आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ। कांग्रेसभित्रको यो विवादलाई अन्तहीन शक्ति संघर्षमा बदल्नुको सट्टा पार्टीको पुनर्जागरण, एकता र लोकतान्त्रिक भविष्यका लागि उपयोग गर्न सक्नु नै सबैभन्दा परिपक्व बाटो हुनेछ। बाह्रखरीबाट

# धनुषा, महोत्तरी र सर्लाहीका ग्रामीण क्षेत्रका भौतिक पूर्वाधार निर्माण प्राथमिकतामा

जनकपुरधाम, २४ साउन। मधेस प्रदेशको धनुषा, महोत्तरी र सर्लाही जिल्लामा गत आर्थिक वर्ष २०८२/८३ मा ग्रामीण क्षेत्रका भौतिक पूर्वाधार निर्माणमा उल्लेखनीय प्रगति भएको छ। संघीय सहरी विकास तथा भवन निर्माण कार्यालयका अनुसार उक्त अवधिमा विद्यालय भवन, सडक, नाला, कल्भर्ट, सामुदायिक भवनलगायत संरचना निर्माणलाई प्राथमिकताका साथ अघि बढाइएको हो।

कार्यालयका सूचना अधिकारी एवं इञ्जिनियर सुधिर साहका अनुसार तीन जिल्लामा १२ वटा विद्यालय भवन निर्माण सम्पन्न भएका छन्। तीमध्ये सर्लाहीमा सात तथा धनुषा र महोत्तरीमा एक/एक वटा विद्यालय भवन निर्माण भएका हुन्। त्यसैगरी, धनुषा, महोत्तरी र सर्लाहीमा एक/एक वटा सामुदायिक भवन निर्माण भएका छन्।

महोत्तरीमा एउटा स्वास्थ्य भवन निर्माण सम्पन्न भएको छ भने महोत्तरीमा एउटा र सर्लाहीमा दुई वटा आपतकालीन आश्रयस्थल ( इमर्जेन्सी सेल्टर) निर्माण गरिएको सूचना अधिकारी साहले जानकारी दिए। सडक पूर्वाधारतर्फ सबैभन्दा बढी प्रगति महोत्तरी जिल्लामा देखिएको छ।

सडकको आधारभूत तह निर्माणतर्फ धनुषामा २३ हजार १८६ मिटर, महोत्तरीमा आठ हजार ७४७ मिटर र सर्लाहीमा ७०० मिटर काम भएको छ। त्यस्तै, धनुषामा तीन हजार ५९० मिटर, महोत्तरीमा आठ हजार ५८३ मिटर र सर्लाहीमा चार हजार २८ मिटर कालोपत्र सडक निर्माण भएको कार्यालयले जनाएको छ। सडक ढलानतर्फ धनुषामा ३३९ मिटर, महोत्तरीमा एक हजार ३४७ मिटर र सर्लाहीमा एक हजार ४११ मिटर निर्माण भएको छ। नाला निर्माणतर्फ धनुषामा पाँच हजार ३०५ मिटर, महोत्तरीमा एक हजार ५९० मिटर र सर्लाहीमा ४१० मिटर काम सम्पन्न भएको छ।

'कम्पाउन्ड वाल' निर्माणतर्फ धनुषामा १३४ मिटर, महोत्तरीमा १६६ मिटर र सर्लाहीमा ७०० मिटर काम भएको छ। महोत्तरीमा १९६ मिटर इन्टरलक रोड ( ब्लक छापिएको बाटो) सम्पन्न भएको छ भने धनुषामा १५० मिटर पोखरीघाट निर्माण गरिएको संघीय सहरी विकास तथा भवन निर्माण कार्यालयले जनाएको छ।

धनुषा र सर्लाहीमा दुई/दुई वटा तथा महोत्तरीमा एउटा कल्भर्ट निर्माण भएका छन्। भवन निर्माण कार्यालय जनकपुरधामका प्रमुख विनोद सिंहले निरन्तर अनुगमन तथा समयमै बजेट कार्यान्वयन गरिएकाले अधिकांश कार्य निर्धारित समयमा सम्पन्न भएका बताउनुभयो। उहाँका अनुसार बाँकी काम पनि तोकिएको समयभित्र सम्पन्न गर्ने योजनाका साथ अघि बढाइएको छ।

सडक, नाला, कल्भर्ट तथा सार्वजनिक भवन निर्माण समयमै सम्पन्न हुँदा आवागमन, शिक्षा, स्वास्थ्य तथा सामुदायिक सेवा प्रवाहमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको स्थानीयवासीले बताएका छन्।

*सरकारको अधिकार...*

रकम असुल्ने अधिकार प्राप्त हुन्छ ? वा नियामक निकायलाई बोधार्थ दिएर 'हामीले जानकारी गराइसकेका छौं' भन्ने मनोवैज्ञानिक आवरणमा निर्णय कार्यान्वयन गर्न खोजिएको हो ?

यदि स्थानीय प्रशासन वा अन्य कुनै सरकारी निकायले उक्त २० रुपैयाँ सेवा शुल्क लिन स्वीकृति दिएको हो भने उसले पनि सार्वजनिक रूपमा जवाफ दिनुपर्छ– कुन कानुनको कुन दफाले त्यस्तो शुल्क लिन अनुमति दियो ? कसले स्वीकृति दियो ?

कहिले निर्णय भयो ? निर्णयको लिखित आधार कहाँ छ ? र उपभोक्ताबाट उठाइने त्यो २० रुपैयाँको हिसाब कसरी हुन्छ ? यी प्रश्नको जवाफ नदिई "सेवा शुल्क हो" भनेर मात्रै उम्किन खोज्नु पर्याप्त हुँदैन। किनकि कुनै रकमलाई 'सेवा शुल्क' नाम दिँदैमा त्यो स्वतः कानुनी हुँदैन। शुल्क लिन कानुनी वा नियामकीय आधार चाहिन्छ। विशेषगरी सरकारबाट मूल्य निर्धारण गरिएको अत्यावश्यक वस्तुमा अतिरिक्त रकम असुल्ने विषय अझ संवेदनशील हुन्छ।

व्यवसायीलाई लागत परेको छ भन्दैमा प्रत्येक व्यवसायी संघले आफूखुसी मूल्य थप्न थाल्ने हो भने बजारमा राज्यले निर्धारण गरेको मूल्यको अर्थ के रहन्छ ?

आज ग्यासमा २० रुपैयाँ। भोलि अर्को अत्यावश्यक वस्तुमा ५० रुपैयाँ। पर्सि अर्को सेवामा १०० रुपैयाँ। यसरी निजी क्षेत्रका संघ–संस्थाले आफ्नै निर्णयबाट सरकारी मूल्यमा रकम थप्दै जाने हो भने मूल्य नियमनको अधिकार राज्यसँग रहन्छ कि व्यवसायीका संघहरूसँग ?

त्यसैले यो विषयलाई 'बीस रुपैयाँको विवाद' भनेर सानो बनाउन मिल्दैन। यो प्रश्न उपभोक्ताको अधिकारसँग जोडिएको छ। यो प्रश्न कानुनी शासनसँग जोडिएको छ। यो प्रश्न नियामक निकायको भूमिकासँग जोडिएको छ। र सबैभन्दा महत्त्वपूर्ण—यो प्रश्न राज्यको अधिकार क्षेत्रसँग जोडिएको छ। ग्यास बिक्रेता संघ सिरहासँग अब स्पष्ट जवाफ माग्नुपर्छ– सरकारले तोकेको मूल्यमा २० रुपैयाँ थप्ने कानुनी अधिकार कुन ऐनले दियो ?

स्थानीय प्रशासनले पनि मौनता तोड्नुपर्छ। नगरपालिकाले पनि आफ्नो भूमिका स्पष्ट गर्नुपर्छ। उपभोक्ता अधिकारका क्षेत्रमा काम गर्ने संस्थाहरूले पनि प्रश्न उठाउनुपर्छ। किनकि बोधार्थ पाउनु र निर्णयलाई वैधानिकता दिनु एउटै कुरा होइन। कानुनको शासनमा कसैले सर्कुलर जारी गर्दैमा कानुन बन्दैन। कानुनले अधिकार दिन्छ, सर्कुलरले होइन।

र यदि सरकारकै मूल्यभन्दा माथि मूल्य तोक्ने अधिकार निजी संघले पाउन थालेको हो भने अब एउटा गम्भीर प्रश्न खडा हुन्छ– सरकारले ग्यासको मूल्य तोक्छ कि ग्यास बिक्रेता संघले ?

व्यापारीले सरकारसँग असहमति राख्न सक्छ। लागत बढेको छ भने मूल्य पुनरावलोकनको माग गर्न सक्छ। आफ्ना समस्या सम्बन्धित निकायमा राख्न सक्छ। तर, सरकारले तोकेको मूल्यभन्दा माथि आफूखुसी मूल्य थपेर उपभोक्ताबाट रकम असुल्ने अधिकार कुनै व्यवसायी संघलाई कहाँबाट प्राप्त भयो ? यो प्रश्नको जवाफ अब ग्यास विक्रेता संघले मात्र होइन, सम्बन्धित नियामक निकायले पनि दिनुपर्छ। यो २० रुपैयाँको विवाद होइन। यो राज्यको अधिकारको प्रश्न हो।

सरकारले मूल्य निर्धारण गर्छ, तर बजारमा व्यापारीको संघले त्यसलाई उल्ट्याइदिन्छ भने सरकारको निर्णयको अर्थ के रह्यो ? प्रशासनलाई बोधार्थ पठाउँदै कानुनभन्दा माथि आफूलाई उभ्याउने यस्तो अभ्यासलाई मौनताबाट स्वीकार गरियो भने भोलि अरू व्यवसायी समूहले पनि आफ्नै 'सरकार' घोषणा नगर्लान् भन्न सकिँदैन। अझ विडम्बना त के छ भने, ग्यासको एउटा सिलिन्डरका लागि उपभोक्ता घण्टौँसम्म घाममा उभिएका छन्। खाली सिलिन्डर बोकेर डिलर खोजिरहेका छन्। अभावका कारण ग्यास पाउन नसक्दा उनीहरूको घरको भान्सा प्रभावित भएको छ। यही विवशताको बीचमा 'अतिरिक्त सेवा शुल्क'का नाममा थप रकम असुल्ने निर्णय गरिएको छ।

यदि ग्यास वितरणका लागि थप जनशक्ति परिचालन गर्नुपरेको हो भने त्यसको खर्च कसले व्यहोर्ने भन्ने विषय व्यवसायी र सरकारबीचको व्यवस्थापनको विषय हुन सक्छ। तर, त्यसको समाधान उपभोक्ताको टाउकोमा थप आर्थिक भार थोपरेर गर्न मिल्छ कि मिल्दैन ? यसको जवाफ पनि स्पष्ट हुनुपर्छ।झन् गम्भीर कुरा त के हो भने, यस्तो निर्णय लुकिछिपी होइन, सार्वजनिक रूपमा गरिएको छ। प्रशासनलाई बोधार्थ पठाइएको छ। अर्थात्, यसपटक व्यापारीले राज्यको नियम चोरेर होइन, राज्यकै आँखाअगाडि नियमलाई चुनौती दिने दुस्साहस गरेको छ। अब प्रशासनसँग दुईवटा बाटा छन्। एउटा—मौन बस्ने, हेरेर बस्ने र 'व्यवहारिक समस्या' भन्दै पन्छिने। अर्को—कानुन सबैका लागि बराबर हो भन्ने सन्देश दिने। दोस्रो बाटो रोजिएन भने त्यसको मूल्य ग्यासको सिलिन्डरमा थपिएको २० रुपैयाँभन्दा धेरै महँगो पर्नेछ। किनकि त्यसपछि बजारले बुझ्नेछ—सरकारले मूल्य तोक्छ, तर मूल्य लागू गराउने शक्ति व्यापारीसँग छ। राज्यको शासन त्यतिबेला कमजोर हुन्छ, जब कानुन कागजमा बलियो र कार्यान्वयनमा कमजोर हुन्छ। नियम बनाउने सरकार र नियम लागू गराउने प्रशासनको उपस्थितिलाई चुनौती दिँदा पनि कारबाही हुँदैन भने त्यसले नागरिकमा कानुनप्रतिको विश्वास होइन, कानुनलाई जसले सक्यो उसैले मोड्न सक्छ भन्ने खतरनाक सन्देश प्रवाह गर्छ। सिरहा ग्यास विक्रेता संघको पछिल्लो निर्णयले यही प्रश्न उठाएको छ।

सरकारले तोकेको मूल्य मान्ने कि व्यापारीको संघले तोकेको मूल्य ? कानुन चल्ने कि संघको निर्णय ? प्रशासन नियमन गर्ने कि बोधार्थ पाएर मौन बस्ने ?

र अन्ततः यस देशमा बजार चलाउने अधिकार सरकारसँग छ कि संगठित व्यापारी शक्तिसँग ? यी प्रश्नको जवाफ अब ढिला नगरी खोजिनुपर्छ। किनकि ग्यासको सिलिन्डरमा थपिएको रकम फिर्ता गर्न सकिन्छ। तर, कानुनमाथि व्यापारीको मनोमानी स्थापित भयो भने त्यसले राज्यको अधिकार, प्रशासनको विश्वसनीयता र नागरिकको कानुनप्रतिको भरोसामा पार्ने क्षति सहजै फिर्ता गर्न सकिँदैन।

त्यसैले यो विषयलाई '२० रुपैयाँको सेवा शुल्क' भनेर सानो बनाउने गल्ती गर्नु हुँदैन। यो २० रुपैयाँभन्दा धेरै ठूलो कुरा हो—यो प्रश्न हो, राज्यको मूल्य चल्छ कि बजारमा व्यापारीको हुकुम ?

'सेवा शुल्क'–शब्द आफैँमा निर्दोष सुनिन्छ। तर यही शब्दको आवरणमा उपभोक्ताबाट निर्धारित मूल्यभन्दा बढी रकम असुल्न थालियो भने त्यसको कानुनी हैसियत के हुन्छ ? अहिले खाना पकाउने ग्यासको बिक्रीमा उठेको विवादको मूल प्रश्न यही हो।

विराटनगरस्थित नेपाल आयल निगमका अधिकारी भीम विश्वकर्माको भनाइलाई आधार मान्ने हो भने, ग्यास विक्रेताले उपभोक्ताको घरसम्म ग्यास पुर्‍याइदिएको अवस्थामा मात्र अतिरिक्त सेवाबापत सेवा शुल्क लिन सक्ने अवस्था हुन्छ। अर्थात्, उपभोक्ताले मूल ग्यास खरिदसँगै छुट्टै सेवा खरिद गरेको अवस्थामा त्यस सेवाको मूल्य लिन सकिन्छ।

तर, उपभोक्ता स्वयं विक्रेताको पसलमा पुगेर ग्यास खरिद गर्छ भने त्यही ग्यासको निर्धारित मूल्यभन्दा माथि 'सेवा शुल्क'का नाममा थप रकम लिनु कानुनी रूपमा स्वीकार्य हुँदैन। विश्वकर्माको भनाइमा, यस्तो कार्य विक्रेताको कानुनी हैसियत र अधिकारको सीमाभन्दा बाहिरको कार्य हो। निर्धारित मूल्यभन्दा अतिरिक्त रकम असुल्ने कार्य गर्नेहरू कानुनी कारबाहीको भागीदार हुन सक्ने उनको स्पष्ट धारणा छ। यो भनाइले अहिले सिरहामा देखिएको ग्यास बिक्रीको विवादलाई अझ गम्भीर बनाइदिएको छ।

किनकि यहाँ प्रश्न केवल २० रुपैयाँ थप लिइयो कि लिइएन भन्ने होइन। प्रश्न हो–'सेवा शुल्क' भनेर नाम राख्दैमा निर्धारित मूल्यभन्दा बढी रकम असुल्ने अधिकार प्राप्त हुन्छ कि हुँदैन ?

यदि उपभोक्ता विक्रेताको पसलमा पुगेर आफैँ ग्यासको सिलिन्डर लिएर फर्किन्छ भने उसले कुन अतिरिक्त सेवा प्राप्त गऱ्यो ? सामान खरिद गर्ने क्रममा कुनै छुट्टै सेवा लिएको छैन भने त्यसको मूल्य किन तिर्ने ? ग्यास विक्रेताको पसलसम्म पुग्नु उपभोक्ताको बाध्यता हो, विक्रेताले उपभोक्ताको घरसम्म सामान पुर्‍याएको सेवा होइन। त्यसैले 'सेवा शुल्क' शब्दको आडमा मूल वस्तुको मूल्य नै बढाउनु कानुनी व्यवस्थाको मर्मसँग मेल खान सक्दैन।

अझ गम्भीर कुरा–सेवा शुल्क र वस्तुको मूल्यबीचको सीमा नै मेटिदिएपछि बजारमा मूल्य निर्धारण गर्ने अधिकार कसको हातमा रहन्छ? सरकारले एउटा मूल्य तोक्ने, तर विक्रेताले त्यसैमा आफ्नो इच्छाअनुसार रकम थप्ने हो भने त्यो सेवा शुल्क होइन, व्यवहारतः वस्तुको बिक्री मूल्य नै बढाएको अवस्था हुन्छ। नाम परिवर्तन गरेर मूल्य बढाउने छुट कसैलाई हुन सक्दैन।

बजारमा व्यापारीलाई व्यापार गर्ने स्वतन्त्रता छ, तर मूल्य निर्धारण गर्ने स्वेच्छाचारिता छैन। अहिले उपभोक्ता अभावको चपेटामा छन्। ग्यासका लागि घण्टौँ लाइनमा बसिरहेका छन्। खाली सिलिन्डर बोकेर डिलरको ढोका चहारिरहेका छन्। यस्तो अवस्थामा उनीहरूसँग 'तपाईंलाई ग्यास चाहिन्छ भने थप २० रुपैयाँ तिर्नुस्' भन्नु सामान्य व्यापारिक व्यवहार होइन। यो उपभोक्ताको बाध्यताको आर्थिक दोहन हो कि सेवा शुल्क ?

निगमका अधिकारी भीम विश्वकर्माले भनेजस्तै यदि पसलबाटै ग्यास खरिद गर्ने उपभोक्तासँग निर्धारित मूल्यभन्दा बढी रकम लिनु कानुनी हैसियतविपरीतको कार्य हो भने अब सम्बन्धित निकायले त्यसलाई केवल बहसको विषय बनाएर छोड्नु हुँदैन। कानुन उल्लंघन भएको हो भने कारबाही हुनुपर्छ। कारबाहीको डर नहुने हो भने 'सेवा शुल्क'का नाममा आज ग्याससमा थपिएको २० रुपैयाँ भोलि अर्को वस्तुमा अर्को नामबाट थपिन सक्छ। त्यसपछि हरेक व्यापारी समूहले आफ्नै शुल्क तोक्ने र उपभोक्ताले बाध्य भएर तिर्नुपर्ने अवस्था आउन सक्छ। राज्यको बजार नियमनको औचित्य त्यहीँ समाप्त हुन्छ।

त्यसैले अहिलेको प्रश्न २० रुपैयाँको होइन। प्रश्न यो हो— सरकारले निर्धारण गरेको मूल्यभन्दा बढी रकम असुल्ने अधिकार कसैलाई छ कि छैन ? र यदि छैन भने—कानुन उल्लंघन गर्नेहरूलाई कानुनले नै जवाफ दिनुपर्छ। 'सेवा शुल्क' शब्दले कानुनी दायित्वबाट उन्मुक्ति दिने पासपोर्ट बन्न सक्दैन। नाम सेवा शुल्क भए पनि, अतिरिक्त सेवा नदिई वस्तुको निर्धारित मूल्यभन्दा माथि असुलिएको रकम अन्ततः अतिरिक्त मूल्य नै हो। र अतिरिक्त मूल्य असुल्ने अधिकार कानुनले दिएको छैन भने, त्यसलाई रोक्ने जिम्मेवारी राज्यको हो।

*लागुऔषध ...*

ब्राउनसुगर जस्तो देखिने खैरो पदार्थ बरामद भएको हो। प्रहरीका अनुसार उक्त पदार्थ प्लाष्टिकसहित ६ ग्राम १४ मिलिग्राम र प्लाष्टिक बाहेक ४ ग्राम ५७ मिलिग्राम रहेको छ।

पक्राउ परेका दुवै जनालाई हाल इलाका प्रहरी कार्यालय गोलबजारमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ।

*सिरहामा ९ लाख ...*

नियन्त्रणका लागि सुरक्षा निकायको निगरानी नियमित रूपमा भइरहेको छ। सीमा क्षेत्रमा हुने गैरकानुनी गतिविधि नियन्त्रणका लागि सुरक्षा निकायबीच समन्वय गरी निगरानी, गस्ती तथा चेकजाँचलाई निरन्तरता दिइने एसपी थापाले जानकारी दिए।

# सुस्ता कटान क्षेत्रको स्थलगत अनुगमनमा पुगे मुख्यमन्त्री आचार्य



बुटवल, २४ साउन। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले पश्चिम नवलपरासीको सुस्ता क्षेत्रमा बढिरहेको नदी कटान र त्यसबाट उत्पन्न हुनसक्ने जोखिमको स्थलगत अनुगमन गरेका छन्। आइतबार सुरक्षा निकायको टोलीसहित गएर मुख्यमन्त्री आचार्यले सुस्ता क्षेत्रको नदी कटान प्रभावित क्षेत्रको अनुगमन गरेका हुन्। अनुगमनका क्रममा मुख्यमन्त्री आचार्यले नदी कटान नियन्त्रणलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको बताए। उनले नदी कटान नियन्त्रणका लागि प्रदेश सरकारले आवश्यक स्रोतको व्यवस्थापन गर्ने र विपद् व्यवस्थापन कोषबाट समेत बजेट उपलब्ध गराउने आश्वासन दिए।

'बजेटको अभावका कारण सुस्ता क्षेत्रको नदी कटान नियन्त्रणको काम रोकिने छैन,' मुख्यमन्त्री आचार्यले भने, 'नदी कटान नियन्त्रण गर्नुपर्ने कामलाई प्राथमिकतामा राख्छ।' मुख्यमन्त्री आचार्यले सुस्ता क्षेत्रमा नदी कटानका कारण बस्ती, खेतीयोग्य जमिन तथा सीमा क्षेत्रमा पर्नसक्ने जोखिमलाई गम्भीरतापूर्वक लिन सुरक्षा निकाय र स्थानीय प्रशासनलाई आग्रह गरे। सीमा क्षेत्रमा उच्च मनोबलका साथ खटिएर राष्ट्रिय सीमा तथा नेपालको भूमि जोगाउन योगदान पुऱ्याउन सुरक्षा निकाय र समुदाय स्तरबाट भएको प्रयासको मुख्यमन्त्री आचार्यले प्रशंसा गरे।

सुस्ताको भूमि रक्षाका लागि स्थानीय नागरिकले देखाएको एकता र प्रतिबद्धता राज्यका लागि समेत महत्वपूर्ण रहेको उनको भनाइ थियो। नदी कटान रोक्न समुदायस्तरबाट भइरहेका प्रयासको पनि उनले प्रशंसा गरे। सुस्ता क्षेत्रमा नदी कटान बढ्दै जाँदा सीमावर्ती बस्ती तथा नेपाली भूमिमा जोखिम बढेको स्थानीय बासिन्दाले मुख्यमन्त्री आचार्यलाई जानकारी गराएका थिए। उनीहरूले दीर्घकालीन रूपमा नदी कटान नियन्त्रणका लागि तटबन्ध निर्माण, नदीको बहाव व्यवस्थापन तथा आवश्यक संरचना निर्माण सरकारको ध्यानाकर्षण गराएका थिए।

मुख्यमन्त्री आचार्यले तत्कालीन आवश्यकता र दीर्घकालीन समाधानका उपाय पहिचान गरी नदी कटान नियन्त्रणको कामलाई प्रभावकारी रूपमा अघि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिएका छन्। वर्षायाममा नारायणी नदीको बाढीले हुने कटान र डुबान रोक्न स्थानीय बासिन्दाले हरेक वर्ष बोरामा माटो भरेर अस्थायी तटबन्ध बनाउने गरेका छन्। शनिबार मात्रै एमालेको भातृ संगठन अनेरास्वयियुको केन्द्रीय नेतृत्वको एक टोली सुस्ता आएर दिनभर स्थानीयसँगै अस्थायी तटबन्ध निर्माणमा श्रमदान गरेका स्थानीय युवा अगुवा बाबु खानले बताए।

# ५०० लिटर तयारी घरेलु मदिरासहित चार जना नियन्त्रण

वीरगञ्ज, २४ साउन। प्रहरीले तीन हजार ५०० लिटर तयारी घरेलु मदिरासहित सवारीसाधन र चार जनालाई नियन्त्रणमा लिएको छ। वीरगञ्ज महानगरपालिका–१५ प्रतिमा चोकस्थित सडकखण्डमा विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी विशेष टोलीले हेटौँडाबाट वीरगञ्जतर्फ आउँदै गरेको बा.प्र.०३–००१ ज १४०२ नम्बरको सवारीसाधनमा लुकाईछिपाई राखेको घरेलु मदिरा आज नियन्त्रणमा लिएको नायब प्रहरी उपरिक्षक तथा प्रवक्ता चक्रबहादुर मल्लले जानकारी दिए।

प्लास्टिकको बोराभित्र १०८ पोकामा दुई हजार २०० लिटर तयारी घरेलु मदिरा फेला परेकाले सवारीसाधनसहित चार जना व्यक्तिलाई नियन्त्रणमा लिई उक्त सवारीसाधन र घरेलु मदिरा बरामद गरी थप अनुसन्धान तथा कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय घडिअर्वामा बुझाउने कार्य भइरहेको प्रहरीले जनाएको छ। प्रहरीले हेटौँडाका मनोजकुमार थिङ र बाराका कोपिला गुरुङ, रोनु तामाङ र माया पाखिनलाई पनि नियन्त्रणमा लिएको छ।

साथै सोही 'अपरेसन'का क्रममा आज वीरगञ्ज महानगरपालिका–१५ त्रिशूल चोकस्थित गैरकानुनी रूपमा भण्डारण गरी राखिएको थप ७५ पोकामा एक हजार ३०० लिटर घरेलु मदिरा बरामद गरी थप अनुसन्धान भइरहेको प्रवक्ता मल्लले बताए।

# मधेशमा मन्त्रालय र निकाय पुनरावलोकन गर्दै सरकार

संगठन पुनर्संरचना, दरबन्दी कटौती, सार्वजनिक निकायको पुनरावलोकन, बजेट व्यवस्थापन, कर्मचारीको क्षमता विकास तथा वित्तीय अनुशासन कायम गर्न सरकारले गृहकार्य गरिरहेको छ।




जनकपुरधाम, २४ साउन। मधेश प्रदेश सरकारले मन्त्रालयसहित मातहतका निकायको पुनरावलोकन तथा सुदृढीकरण थालेको छ। संगठन पुनर्संरचना, दरबन्दी कटौती, सार्वजनिक निकायको पुनरावलोकन, बजेट व्यवस्थापन, कर्मचारीको क्षमता विकास तथा वित्तीय अनुशासन कायम गर्न सरकारले गृहकार्य गरिरहेको छ। सरकारले मुख्यमन्त्रीसहित १२ वटा मन्त्रालयलाई घटाएर ९ वटा कायम गर्ने तथा विभिन्न निकायको पुनरावलोकन गर्ने काम अघि बढाएको छ।

त्यसअनुसार गाभिनेबाहेकका पाँचवटा मन्त्रालयको प्रशासनिक खर्च नियन्त्रण र उपलब्ध जनशक्तिको अधिकतम उपयोग गर्ने उद्देश्यले कम्तीमा १५ प्रतिशत दरबन्दी कटौती गर्ने नीति लिइएको छ। यससँगै मातहतका निकाय तथा आयोगको पुनरावलोकन गरी गाभ्ने वा खारेज गर्ने कार्यका लागि कार्यदल बनाएर काम भइरहेको छ। गाभिनेबाहेकका मन्त्रालयको संगठन तथा व्यवस्थापन (ओ एन्ड एम) सर्वेक्षण पुनरावलोकनको प्रतिवेदन अर्थ मन्त्रालयले पेस गरेको छ।

त्यस क्रममा अर्थ मन्त्रालयले करिब ३२ प्रतिशत दरबन्दी कटौती गरेको अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए। उक्त ओ एन्ड एम सर्वेक्षण पुनरावलोकनसम्बन्धी प्रतिवेदन केही दिनअघि बसेको मन्त्रिपरिषद् बैठकमा पेस भई निर्णयसमेत भएको उनले बताए। ओ एन्ड एम सर्वेक्षण पुनरावलोकनका लागि मन्त्रिपरिषद् बैठकबाट अर्थ मन्त्रालयसहित ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयले सैद्धान्तिक सहमति लिएका थिए।

तर, अर्थ मन्त्रालयबाहेक अन्य मन्त्रालयको ओ एन्ड एम सर्वेक्षण पुनरावलोकनको प्रक्रिया भने अझै जारी रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी उपसचिव रोहित कोइरालाले जानकारी दिए। उनका अनुसार मधेश सरकारका निकायको पुनरावलोकनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिवहरू सम्मिलित कार्यदल गठन गरिएको थियो। उक्त कार्यदलले प्रदेश सरकारअन्तर्गत रहेका सार्वजनिक निकाय, समिति, बोर्ड, प्रतिष्ठान तथा अन्य संस्थागत संरचनाको समेत समग्र पुनरावलोकन गरिरहेको छ।

समान प्रकृतिका काम गर्ने निकायबीचको दोहोरोपन पहिचान गरी आवश्यक निकायलाई सुदृढ गर्ने तथा आवश्यकता नरहेका वा समान प्रकृतिका निकायलाई एकीकरण, पुनर्संरचना वा खारेजी गर्न आधार तयार गर्ने सरकारको उद्देश्य छ। मधेश सरकारका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकन सम्बन्धी उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले असार १८ गते मुख्यमन्त्रीलाई ९ वटा मन्त्रालय कायम गर्न सिफारिस गरेको थियो।

उक्त सिफारिसअनुसार सरकारले ९ वटा मात्र मन्त्रालय कायम गर्ने गृहकार्य गरिरहेको छ। अबको केही दिनमा मन्त्रिपरिषद् पुनर्गठन गरी मन्त्रालयको संख्या ९ कायम गर्ने तयारी सरकारको छ।

# लामो समयदेखि पुल नबन्दा जोखिम बढ्दै

महोत्तरी, २४ साउन। हुलाकी सडकअन्तर्गत जनकपुर–भिट्ठामोड जोड्ने सडकमा पर्ने महोत्तरीको महोत्तरी गाउँपालिका–१ पर्सास्थित निर्माणाधीन कुटमेश्वरी पुल लामो समयदेखि अलपत्र हुँदा स्थानीय तथा यात्रु सास्तीपूर्ण रूपमा यात्रा गर्न बाध्य छन्। सडकको अधिकांश भाग निर्माण भइसक्दा पुल लामो समयदेखि अधुरै रहेको हो। यसले स्थानीयवासी, विद्यार्थी, किसान र यात्रुले दैनिक रूपमा सास्ती खेप्नुका साथै जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्। भारतसँगको व्यापार, धार्मिक पर्यटन तथा स्थानीय आवागमनलाई सहज बनाउने उद्देश्यले निर्माण गरिएको उक्त हुलाकी सडकको अधिकांश खण्डले पूर्णता पाइसकेको छ।

पुल निर्माण अधुरै रहेकाले बालुवा र माटोले बनाइएको वैकल्पिक बाटो साँघुरो र जीर्ण बन्दै गएका स्थानीय सुरेश साहले बताए। उनका अनुसार सवारी साधनको अत्यधिक चापका कारण दैनिक रूपमा घण्टौंसम्म जाम हुने र वैकल्पिक बाटोका लागि बनाइएको डाइभर्सन वर्षायाममा बगाउँदा बाटो झनै जोखिमपूर्ण बन्ने गरेको छ।

कतिपय अवस्थामा यात्रुले लामो दूरी घुमेर गन्तव्यमा पुग्नुपर्ने बाध्यता छ भने एम्बुलेन्स, विद्यालयका सवारीसाधन र अत्यावश्यक सेवासमेत प्रभावित हुने गरेको स्थानीय सञ्जीकुमार मिश्रले बताए। स्थानीयले पटकपटक सम्बन्धित निकाय र निर्माण कम्पनीको ध्यानाकर्षण गराएपनि कामले अपेक्षित गति लिन नसकेको उनको गुनासो छ।

सडक सञ्चालनमा आएपछि पुल पनि छिट्टै तयार हुने अपेक्षा गरिए पनि निर्माणले गति लिन नसक्दा नागरिकमा निराशा बढेको छ। उक्त पुल निर्माणका लागि विसं २०७९ फागुनमा रामजानकी निर्माण सेवा जनकपुरधामले रु २० करोड सम्झौता गरेको थियो। हुलाकी राजमार्ग निर्देशनालय आयोजना कार्यालय जनकपुरधामका अनुसार पछिल्लो पटक २०८३ साउन ११ गतेमा सम्पन्न गर्ने गरी म्याद थप भएपनि हालसम्म करिब ५० प्रतिशत मात्र काम भएको छ। बजेट अभावका कारण पुल निर्माणमा ढिलाइ भएको आयोजना कार्यालयका प्रमुख कृष्णकुमार महतोले बताए। उनका अनुसार निर्माण व्यवसायीले काम गरिहेकाले केही महिनाका लागि पुनः म्याद थप गरेर तीव्रता दिने तयारी भइरहेको छ। पुल निर्माण नहुँदा विशेषगरी वर्षायाममा समस्या अझ गम्भीर बन्ने स्थानीय बताउँछन्। खोलामा पानीको बहाव बढेपछि आवतजावत गर्न कठिन हुनुका साथै दुर्घटनाको जोखिमसमेत बढ्ने स्थानीयको अनुभव छ।

# रौतहटमा ग्यास डिलरमा छड्के, १७ ठाउँमा अनुगमन

रौतहट, २४ साउन। ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित गर्न रौतहटमा ग्यास डिलर तथा विक्रेताका पसलमा आकस्मिक रूपमा अनुगमन गरिएको छ। गृह मन्त्रालयको निर्देशनपछि प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालको टोलीले चन्द्रनिगाहपुर क्षेत्रका ग्यास डिलर र पसलमा छड्के अनुगमन गरेको हो। जिल्लाका १७ वटा ग्याँस डिलर तथा विक्रेताका पसलमा दुई वटा छुट्टाछुट्टै टोली परिचालन गरी अनुगमन गरिएको छ। भुसालका अनुसार गौर, गरुडा र चन्द्रनिगाहपुर लगायतका प्रमुख बजार क्षेत्रमा रहेका सुपर, नेपाल सहारा, सहारा, बाबा, नोबेल, नेपाल सुपर र नेपाल ग्यास लगायतका डिलरमा अनुगमन गरिएको हो।

शनिबार गरिएको अनुगमनका क्रममा अधिकांश ग्यास विक्रेताका स्टोरमा खाली सिलिन्डरको संख्या धेरै रहेको पाइएको छ। व्यवसायीहरूले उद्योगबाट पर्याप्त मात्रामा ग्यास आपूर्ति हुन नसकेको र मागअनुसार ग्यास उपलब्ध नभएको अनुगमन टोलीलाई बताएका थिए।

ग्यास प्राप्त भएपछि अधिकांश विक्रेताले प्रहरीको रोहबरमा उपभोक्तालाई पसल अगाडिबाटै वितरण गर्ने गरेको समेत अनुगमनका क्रममा पाइएको प्रशासनले जनाएको छ। त्यस्तै, ग्यास समयमा आपूर्ति नभएको तथा मागको तुलनामा कम परिमाणमा ग्यास आउने गरेको विषयमा समेत अनुगमन टोलीले व्यवसायीहरूसँग जानकारी लिएको थियो।

**पारदर्शी रूपमा वितरण गर्न निर्देशन**

अनुगमन टोलीले ग्यास आपूर्ति भएपछि उपभोक्तालाई पारदर्शी, व्यवस्थित र सहज रूपमा वितरण गर्न डिलर तथा विक्रेताहरूलाई निर्देशन दिएको छ। त्यस्तै, ग्यासको कृत्रिम अभाव सिर्जना नगर्न, उपभोक्तालाई अनावश्यक दुःख नदिन तथा आपूर्ति भएको ग्यास उचित तरिकाले वितरण गर्न व्यवसायीहरूलाई सचेत गराइएको छ। अनुगमन टोलीमा सीडीओ भुसालसँगै जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी सीताराम रिजाल, सशस्त्र प्रहरीका एसपी रामहरि अधिकारी, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक कुमार बुढाथोकी लगायत स्थानीय तह तथा सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी थिए।

ग्यासको आपूर्ति, भण्डारण तथा वितरण प्रणालीमा निगरानी बढाउन प्रशासनले अब नियमितसँगै आकस्मिक अनुगमनलाई समेत निरन्तरता दिने योजना बनाएको छ। प्रशासनका अनुसार ग्यासको उपलब्धता, वितरणको अवस्था तथा उपभोक्ताको गुनासोलाई समेत आधार बनाएर जुनसुकै बेला छड्के अनुगमन गर्न सकिने गरी योजना तयार गरिएको छ। अनुगमनमा प्रमुख जिल्ला अधिकारी भुसालसहित सुरक्षा निकायका प्रमुखसहितको टोली परिचालन गरिएको थियो।

# अनुदान कटौतीले समस्यामा बर्दिबास नगरपालिका

**रवीन्द्र उप्रेती**



बर्दीबास, २४ साउन। संघ तथा प्रदेश सरकारबाट हुने अनुदान कटौतीले बर्दिबास नगरपालिकाको विकास निर्माण र सेवा प्रवाह दवावमा परेको छ। तथापि सीमित बजेटका बीच पनि सडक, स्वास्थ्य, सूचना प्रविधि र सुशासनका क्षेत्रमा काम अघि बढाएको नगरपालिकाको दावि छ।

आर्थिक वर्ष २०८२/८३ को 'वार्षिक समीक्षा कार्यक्रम'लाई हिजो अपरान्ह सम्बोधन गर्नुहुदै नगरप्रमुख प्रहलाद क्षेत्रीले बजेट कटौतीका बाबजुद नगरपालिकाले सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी र सुशासनयुक्त बनाउँदै विकासका कामलाई अघि बढाएको बताउनुभयो। नगरप्रमुख क्षेत्रीका अनुसार आ.व. २०८२/८३ मा संघबाट ७१ करोड ८७ लाख रुपियाँ अनुदान प्राप्त हुनुपर्नेमा ६४ करोड ५० लाख रुपियाँ मात्र प्राप्त भएको छ। सात करोड ३७ लाख रुपियाँ बजेट घटेर आएको र प्रदेशको अनुदान पनि निराशाजनक रहेकाले त्यसको प्रत्यक्ष असर विकास निर्माणदेखि जनताको घरदैलोसम्म परेको उल्लेख गर्नुभयो।

बजेट अभावकै बीच नगरपालिकाले नगर क्षेत्रमा १५ किलोमिटर अप्टिकल फाइबर विस्तार गरेको छ। यसलाई थप विस्तार गर्नु पर्ने आवशयकता छ। 'यसका लागि नगरपालिकासँग प्रयाप्त बजेट छैन' उहाँले भन्नुभयो। फेरि पनि शाखा, वडा कार्यालय, विद्यालय र अस्पताललाई एकीकृत सूचना प्रणालीमा जोडिएको तथा डिजिटल हाजिरीमार्फत कर्मचारीको नियमितता र कार्यसम्पादनमा सुधार ल्याइएको नगरप्रमुखले जनाउनुभयो।

प्रविधि विकाशसँगै खरिद, टेन्डर र जनशक्ति सम्बन्धी सूचना पारदर्शी बनाइएको समीक्षा कार्यक्रममा जानकारी दिइएको छ। शिक्षा, स्वास्थ्य, पूर्वाधार, विपद् व्यवस्थापन कोषको खर्चलगायतका एकीकृत विवरण वेबसाइट तथा सञ्चार शाखामार्फत सार्वजनिक गर्न नगरप्रमुख क्षेत्रीले निर्देशनसमेत दिनुभयो। आर्थिक वर्ष २०८२/८३ मा २.८ किलोमिटर सडक कालोपत्रे, १० किलोमिटर ढलान र ३ किलोमिटर ग्राभेल गरी १६ किलोमिटर सडक स्तरोन्नति गरिएको छ। यस्तै २ हजार ३६४ मिटर पक्की नाला, १२ वटा कल्भर्ट र एउटा पक्की पुल निर्माण भएको छ।

बर्दिबास अस्पतालमा फिजियोथेरापी, हाडजोर्नी तथा नशासम्बन्धी शल्यक्रिया, थाइरोइड परीक्षण र साइकियाट्रिक ओपिडीलगायत सेवा थपिएपछि सेवा लिने बिरामीको संख्या ४५ हजार नाघेको छ। अघिल्लो आर्थिक वर्षमा विरामीको यो संख्या करिब ३९ हजार ४ सय थियो। भूमि व्यवस्थापनतर्फ नगर क्षेत्रका ९ हजार ७८४ भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको तथ्याङ्क सङ्कलन गरिएको छ। उनीहरूलाई कानुनी प्रक्रियामार्फत सेतो पुर्जा वितरणको तयारी भइरहेको नगरपालिकाले जनाएको छ। नगरपालिकाको कार्यसम्पादन सहज बनाउन १२ वटा ऐन, ३ वटा नियमावली र ७० वटा निर्देशिका, मापदण्ड तथा कार्यविधि निर्माण गरी लागू गरिएको छ। बर्दिबासलाई साक्षर नगरपालिकासमेत घोषणा गरिएको छ भने १४ मध्ये नगरपालिका १३ वटा वडा बालविबाहमुक्त घोषण भैसकेकाछन्।

कार्यक्रममा वडाध्यक्ष तथा शाखा प्रमुखहरूले बजेट अभावका कारण कार्यसम्पादनमा परेको कठिनाइबारे ध्यानाकर्षण गराउनुभएको थियो। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीले जनप्रतिनिधिले बनाएका नीति तथा कार्यक्रम कार्यान्वयनको मुख्य जिम्मेवारी कर्मचारीकै भएको धारणा राख्नुभयो। प्राप्त सुझाव र समस्यालाई नगरपालिकाले मार्गदर्शनका रूपमा लिने भन्दै उहाँले सुशासित र समुन्नत बर्दिबास निर्माणका लागि जनप्रतिनिधि र कर्मचारीबिचको सहकार्य अपरिहार्य रहेको बताउनुभयो।

१४ वटा वडा रहेको बर्दिबास नगरपालिकामा हाल (शिक्षकबाहेक) स्थायी, करार र ज्यालादारी गरी कुल २७० जना कर्मचारी कार्यरत छन्। २०७९ को जनगणनाका अनुसार बर्दीबास नगरपालिकाको कूल जनसंख्या चौहत्तर हजार ३६१ छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)